आप्रवासी कामदारहरूको अधिकारसम्बन्धी दस्तावेजहरूको संगालो नं २

# आप्रवासी कामदारहरूको अधिकारसम्बन्धी महासन्धिको संक्षिप्त चिनारी



संयुक्त राष्ट्र संघीय महिला विकास कोष (UNIFEM)

तथा

महिला, कानून र विकास मञ्च (FWLD)

## सबै आप्रवासी कामदारहरु तथा तिनीहरुका परिवारका सदस्यहरुको अधिकार संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि

## (International Convention on the Protection of the Rights of All Migrant Workers and Members of Their Families) भनेको के हो ?

सबै आप्रवासी कामदारहरू तथा तिनीहरूका परिवारका सदस्यहरूका अधिकार संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (जसलाई यसपछि "महासन्धि" भनिएको छ) आप्रवासी कामदार तथा निजको परिवारका सदस्यहरूको आधारभूत अधिकारहरू संरक्षण गर्ने प्रमुख अन्तर्राष्ट्रिय दस्तावेज हो । यो महासन्धिलाई संयुक्त राष्ट्र संघको महासभाले डिसेम्बर १८, १९९० का दिन पारित गरेको हो । यस महासन्धिमा ९३ वटा धाराहरू रहेका छन् । यो महासन्धि जुलाई १, २००३ देखि लागू भएको छ ।



यस महासन्धिको स्वरूप अन्य विद्यमान मानव अधिकारका दस्तावेजहरू जस्तै छ, जसले आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरू, नागरिक र राजनीतिक अधिकारहरू, जातीय समानता, महिला अधिकार र बाल अधिकार आदिलाई विशेषरूपले ध्यानमा राखेको छ । यस महासन्धिले अन्तर्राष्ट्रिय श्रम संगठनका महासन्धिहरू खासगरी आप्रवासनसम्बन्धी महासन्धिहरूलाई ध्यानमा राखेको छ ।

यस महासन्धिले कामदारहरूबीच राष्ट्रियताको आधारमा भेदभाव नगरिने अधिकारलाई सुनिश्चित गर्दै आप्रवासी कामदारहरूका मानव अधिकारहरूलाई मान्यता दिई त्यस्ता अधिकाहरूको संरक्षण गर्ने दायित्व त्यस महासन्धिका पक्ष राष्ट्रहरूलाई तोकेको छ ।



### आप्रवासी कामदार (Migrant Worker) भन्नाले के बुझिन्छ ?

विदेशमा तलब पाउने क्रियाकलापमा लगाइने, लागेको वा लगाइएको व्यक्तिलाई आप्रवासी कामदार भनिन्छ ।



## "आप्रवासी कामदारहरू" कति प्रकारका हुन्छन् ?

महासन्धिले निम्न प्रकारका आप्रवासी कामदारहरुलाई समेटेको छ :

### सीमा क्षेत्रका कामदार (Frontier Worker)



छिमेकी देशमा काम गर्ने तर काम गरेर आफ्नो बसोबासको देशमा फर्कने कामदार

### विदेशी प्रतिष्ठानका कामदार (Offshore Installation Worker)



आफू नागरिक नरहेको देशको क्षेत्राधिकार अन्तर्गतका प्रतिष्ठानमा काम गर्ने कामदार

### मौसमी कामदार (Seasonal Worker)



वर्षको खास खास समयमा मात्र अर्को देशमा काम गर्ने कामदार

### यात्रा सूचीका कामदार (Itinerant Worker)



आफ्नो पेशाको प्रकृतिको कारण छोटो समयको लागि अर्को देशमा यात्रा गरिरहने कामदार

### आयोजना-आबद्ध कामदार (Project-tied Worker)



आफ्नो रोजगारदाताद्वारा कुनै तो किएको खास आयोजनामा तो किएको अवधिसम्मको लागि काम गर्ने गरी कुनै राज्यमा प्रवेश गरेको कामदार

### सामुद्रिक कामदार (Seafarer)



आफू नागरिक नरहेको राष्ट्रमा दर्ता भएको सामुद्रिक वाहनमा काम गर्ने कामदार

## विशेष रोजगारीका कामदार
(Specified-employed Worker)



अर्को देशमा तोकिएको खास काम गर्ने व्यवसायिक, व्यापारिक, प्राविधिक वा उच्च दक्षता भएका कामदार

## स्व-रोजगार कामदार
(Self-employed Worker)



विदेशमा गएर रोजगारीसम्बन्धी कुनै करार नगरी आफ्नै काममा कार्यरत कामदार

## विदेशमा काम गरिरहेका कस्ता व्यक्तिहरू आप्रवासी कामदार होइनन् ?

### अन्तर्राष्ट्रिय निकायहरूमा काम गर्ने व्यक्तिहरू/ कुटनीतिज्ञहरू
(Person employed in international agencies/ Diplomats)



### लगानीकर्ताहरू
(Investors)




### शरणार्थी र राज्यविहीन व्यक्तिहरू
(Refugees and Stateless Persons)



### विद्यार्थी र प्रशिक्षार्थीहरू
(Students and Trainees)



## उत्पत्तिको राष्ट्र (State of Origin), रोजगारीको राष्ट्र (State of Employment) तथा बाटोमा पर्ने राष्ट्र (State of Transit) भनेको कुन कुन राष्ट्र हो ?

"उत्पत्तिको राष्ट्र" भनेको आप्रवासी कामदारको नागरिकता भएको राष्ट्र हो ।

"रोजगारीको राष्ट्र" भनेको आप्रवासी कामदार कुनै तलबी काममा कार्यरत रहेको, काममा लगाउने वा लगाइएको राष्ट्र हो ।

"बाटोमा पर्ने राष्ट्र" भनेको आप्रवासी कामदार उत्पत्तिको राष्ट्रबाट रोजगारीको राष्ट्रसम्म र रोजगारीको राष्ट्रबाट उत्पत्तिको राष्ट्रसम्म जाँदा र आउँदा बाटोमा पर्ने राष्ट्र हो ।

### उदाहरणका लागि

यदि कुनै नेपाली कामदार वैदेशिक रोजगारीको सिलसिलामा नेपालबाट भारतको बाटो हुँदै बंगलादेशमा काम गर्न जान्छ भने नेपाल उत्पत्तिको राष्ट्र, बङ्गलादेश रोजगारीको राष्ट्र र भारत बाटोमा पर्ने राष्ट्र हुन्छ ।




## "आप्रवासी कामदारको परिवारका सदस्यहरु"" भित्र को को पर्दछन् ?



आप्रवासी कामदारको परिवारका सदस्यहरु भन्नाले आप्रवासी कामदारको पति, पत्नी, आश्रित छोराछोरी र सम्बन्धित कानूनले परिवारका आश्रित सदस्यहरु भनी मान्यता प्रदान गरेका व्यक्तिहरु पर्दछन् ।

## अभिलेखबद्ध कामदार (Documented Worker) भनेका को हुन् ?



रोजगारीको राष्ट्रमा सो देशको कानून अनुसार प्रवेश गर्ने, बसोबास गर्ने र काम गर्ने अनुमति पाएको आप्रवासी कामदारलाई अभिलेखबद्ध कामदार भनिन्छ ।

## अभिलेखबद्ध नभएका कामदार (Undocumented Worker) भनेका को हुन् ?



रोजगारीको राष्ट्रमा प्रवेश गर्ने, बसोबास गर्ने र काम गर्ने अनुमति नपाएको आप्रवासी कामदारलाई अभिलेखबद्ध नभएका कामदार भनिन्छ ।

## के सबै आप्रवासी कामदारहरुलाई अविभेदको अधिकार (Right to Non-discrimination) प्राप्त छ ?

महासन्धिले सबै आप्रवासी कामदारहरूलाई लिङ्ग, जात जाति, वर्ण, भाषा, धर्म वा विश्वास, राजनीतिक वा अरू धारणा, राष्ट्रिय, जातीय वा सामाजिक उत्पत्ति, राष्ट्रियता, उमेर, आर्थिक हैसियत, सम्पत्ति, वैवाहिक स्थिति, जन्म वा अरू स्थिति जे भए तापनि उनीहरूको मानव अधिकार संरक्षणको लागि समान व्यवस्था गरेको छ ।

## के आप्रवासी महिला कामदारको सम्बन्धमा कुनै विशेष व्यवस्था छ ?

यो महासन्धि महिला र पुरुष दुबै आप्रवासी कामदारहरूलाई समानरूपमा लागू हुन्छ, जबकि महिला र पुरुषका आप्रवासनको स्थिति फरक हुने गर्दछ । यसरी महिला र पुरुष आप्रवासी कामदारको स्थिति फरक फरक भए तापनि महासन्धिले लैङ्गिक मामिलाहरूमा उचित ध्यान पुऱ्याउन सकेको छैन । महिला आप्रवासी कामदारलाई कुनै विशेष कानूनी व्यवस्थाहरु नगरी पुरुषसरह समानस्तरमा व्यवहार गरेको स्थितिमा निरपेक्ष समानताको अवधारणामा आधारित महासन्धिले लैङ्गिक समानता कायम गर्न असफल देखिन्छ ।

## आप्रवासी कामदारहरु तथा तिनीहरुका परिवारका सदस्यहरुको मानव अधिकार के के हुन् ?

महासन्धिले आप्रवासी कामदारहरु तथा तिनीहरूका परिवारका सदस्यहरूलाई निम्न मानव अधिकारहरु प्रदान गरेको छ :-

- कुनै पनि राष्ट्र छोड्न पाउने र उत्पत्तिको राष्ट्रमा कुनै पनि समयमा प्रवेश गर्न र रहन पाउने अधिकार (धारा ८),
- बाँच्न पाउने अधिकार (धारा ९),
- यातना, क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय विरूद्धको अधिकार (धारा १०),
- दासता विरूद्ध संरक्षणको अधिकार (धारा ११(१)),
- कठोर श्रमसहित कारावासको सजाय पाएको अवस्थाबाहेक अन्य अवस्थामा अनिवार्य श्रम विरूद्ध संरक्षणको अधिकार (धारा ११(२)),
- मान्यता, विवेक र धर्मको स्वतन्त्रतासम्बन्धी अधिकार (धारा १२),
- विचार र अभिव्यक्तिको स्वतन्त्रतासम्बन्धी अधिकार (धारा १३),
- गोपनियता, पत्राचार र संचार माथिको स्वेच्छाचारी हस्तक्षेप विरूद्ध संरक्षणको अधिकार (धारा १४),
- सम्पत्तिको स्वामित्वबाट स्वेच्छाचारीरूपमा वञ्चित गर्ने कार्य विरूद्धको अधिकार (धारा १५),
- स्वतन्त्रता तथा व्यक्तिको सुरक्षासम्बन्धी अधिकार (धारा १६),
- सामूहिकरूपमा निष्कासन विरूद्धको अधिकार (धारा २२),
- राष्ट्रको कन्सुलर वा कुटनीतिक निकायबाट संरक्षण तथा सहयोगको याचना गर्न पाउने अधिकार (धारा २३),
- कानूनको अगाडि समानताको अधिकार (धारा २४),
- रोजगारी राष्ट्रको नागरिकसरह न्यूनतम् रोजगारीको सहुलियत र सुविधा प्राप्त गर्ने अधिकार (धारा २५),
- ट्रेड युनियन र संघ-संस्थामा आवद्ध हुने तथा यसको बैठक र क्रियाकलापहरूमा सहभागी हुने अधिकार (धारा २६),
- आपतकालीन स्वास्थ्य सुविधाको अधिकार (धारा २८),
- आप्रवासी कामदारको बच्चाको नाम, जन्म दर्ता र नागरिकताको अधिकार (धारा २९),
- आप्रवासी कामदारको बच्चालाई समानताको आधारमा शिक्षामा पहुँचको अधिकार (धारा ३०),
- उत्पत्तिको राष्ट्रसँग सांस्कृतिक सम्बन्ध कायम गर्न पाउने अधिकार (धारा ३१),

* आय, बचत र निजी सम्पत्ति प्रयोगको अधिकार (धारा ३२),
* प्राप्त अधिकार र आवश्यक जानकारीहरु सम्बन्धमा सूचनाको अधिकार (धारा ३३),
* सांस्कृतिक पहिचानको संरक्षणको अधिकार (धारा ३४) ।

## अभिलेखबद्ध कामदार वा अभिलेखबद्ध नभएका कामदारहरुको मानव अधिकार सम्बन्धमा कस्तो फरक व्यवस्था रहेको छ ?

महासन्धिले अभिलेखबद्ध भएको वा अभिलेखबद्ध नभएको भन्ने आधारमा आप्रवासी कामदारहरूको मानव अधिकारहरूमा कुनै भेदभाव गरेको छैन । अभिलेखबद्ध नभएका कामदारहरूले माथि उल्लेखित आप्रवासी कामदारहरूलाई प्राप्त सबै मानव अधिकारहरु प्राप्त गर्दछन् । तर अभिलेखबद्ध नभएका आप्रवासी कामदारहरूलाई प्राप्त अधिकारहरूको अर्थ महासन्धिले उनीहरूको हैसियतलाई नियमित बनाएको भने होइन । महासन्धिले अभिलेखबद्ध नभएका आप्रवासी कामदारहरूलाई अधिकार प्रदान गरेको कारण यसले अन्तर्राष्ट्रिय आप्रवासन सम्बन्धमा लागू हुने उचित र समन्यायिक सर्तहरु सुनिश्चित गर्ने कुरामा कुनै बाधा पुऱ्याउँदैन । महासन्धिले अवैध वा लुकीछिपी गरिने आप्रवाससम्बन्धी गतिविधिहरु र आप्रवासी कामदारहरूको रोजगारी रोक्नको लागि र त्यस्तो गतिविधि आयोजना गर्ने, संचालन गर्ने वा आयोजना वा संचालन गर्न सहयोग पुऱ्याउने व्यक्ति, समूह वा निकायलाई सजाय दिनको लागि पक्ष राज्यहरूले आपसमा सहयोग आदान प्रदान गर्न सक्ने व्यवस्था गरेको छ ।

## अभिलेखबद्ध आप्रवासी कामदारहरुलाई थप के कस्ता अधिकारहरु प्राप्त छन् ?

महासन्धिले अभिलेखबद्ध आप्रवासी कामदारहरु तथा तिनीहरूका परिवारका सदस्यहरूलाई माथि उल्लेखित मानव अधिकारहरूका अतिरिक्त निम्न अधिकारहरु प्रदान गरेको छ :

* प्रवेश, बसाइ र रोजगारी सम्बन्धमा लागू हुने सर्तहरूका सम्बन्धमा प्रस्थान पूर्व जानकारी पाउने अधिकार (धारा ३७),
* आप्रवासी कामदारहरूका व्यक्तिगत र घरायसी सरसामान तथा काममा आवश्यक पर्ने सामग्रीहरूका सम्बन्धमा आयात-निर्यात महसुल र करहरूमा छुट (धारा ४६),
* बसाइ र कामको अनुमति नगुमाई अस्थायीरूपमा अनुपस्थित रहन पाउने अधिकार (धारा ३८),
* रोजगारीको राज्यभित्र घुमफिरको स्वतन्त्रता र बसोबास छान्न पाउने स्वतन्त्रता (धारा ३९),
* रोजगारीको राज्यभित्र ट्रेड युनियन र संघहरु गठन गर्न पाउने स्वतन्त्रता (धारा ४०),



- उत्पत्तिको राष्ट्रमा स्थानीय कानून अनुसार सार्वजनिक जीवनमा भाग लिने, मतदान गर्ने र निर्वाचित हुन पाउने अधिकार (धारा ४१),
- आप्रवासी कामदारहरूका विशेष आवश्यकताहरूलाई सम्बोधन गर्ने संस्थाको स्थापना तथा त्यसमा स्वतन्त्र प्रतिनिधि छानिन पाउने अधिकार (धारा ४२),
- शैक्षिक संस्थाहरु तथा सेवा, व्यवसायिक मार्गदर्शन, व्यवसायिक तालिम, आवास, सामाजिक तथा स्वास्थ्य सेवा, सहकारी तथा स्वयम्द्वारा व्यवस्थित व्यापार व्यवसाय र सांस्कृतिक जीवनमा समेत रोजगारीको राष्ट्रका नागरिकसरह समान व्यवहारको अधिकार (धारा ४३),




- रोजगारीको राष्ट्रबाट आय र बचत उत्पत्ति वा अन्य कुनै राष्ट्रमा पठाउन पाउने अधिकार (धारा ४७),
- आय र बचतमा रोजगारीको राष्ट्रको नागरिकभन्दा बढी कर तथा दोहोरो कर लाग्ने विरूद्धको अधिकार (धारा ४८),
- तलबी कार्यमा संलग्न हुन पाउने अवधि बराबरको समयको लागि बसोबासको अनुमति प्राप्त गर्ने अधिकार (धारा ४९),
- बर्खास्ती विरूद्ध सुरक्षा, बेरोजगार भत्ता, वैकल्पिक रोजगारी जस्ता कुरामा सो राष्ट्रका नागरिकसरह समानताको व्यवहारको अधिकार (धारा ५०),
- रोजगारीको राष्ट्रमा प्रवेशको आधार तलबी कामको आधारमा बाहेक रोजगारीको समाप्तिको आधारमा अनियमित कामदार नमान्ने र वैकल्पिक रोजगारी खोज्न पाउने अधिकार (धारा ५१),
- रोजगारीको राष्ट्रले राष्ट्रिय हितको लागि रोक लगाएको सार्वजनिक रोजगारीबाहेक अन्य प्रकारका रोजगारीहरूमा संलग्न हुन पाउने अधिकार (धारा ५२),
- बसोबास र प्रवेशका लागि सीमा नभएका आप्रवासी कामदारको परिवारको सदस्यलाई तलबी काम रोज्ने अनुमति प्राप्त गर्ने अधिकार (धारा ५३),
- बर्खास्ती विरूद्ध संरक्षण, बेरोजगार भत्ता र बेरोजगारी विरूद्ध चालिएको सार्वजनिक कार्ययोजनासम्मको पहुँचको अधिकार (धारा ५४),
- तलबी कामको सम्बन्धमा रोजगारीको राष्ट्रको नागरिकसरह समानताको व्यवहार पाउने अधिकार (धारा ५५),
- आप्रवासी कामदारहरूको काम गर्ने र बस्न पाउने अधिकार खोस्ने उद्देश्यबाट गरिने् निष्कासन विरूद्धको अधिकार (धारा ५६) ।

## कुनै अभियोग लागेका आप्रवासी कामदारहरु तथा तिनीहरुका परिवारका सदस्यहरुका अधिकारहरु के के हुन् ?

कुनै अभियोग लागेका आप्रवासी कामदारहरु तथा तिनीहरूका परिवारका सदस्यहरूका कानूनी स्थिति पनि अरू अभियोग लागेका व्यक्तिहरूसरह हुन्छ । महासन्धिले उनीहरूलाई यस सम्बन्धमा निम्न अधिकारहरु प्रदान गरेको छः

- कानूनका अगाडि समान मान्यताको अधिकार,
- स्वेच्छाचारी पक्राउ र थुना विरूद्धको अधिकार,
- उचित प्रक्रियाको अधिकार,
- न्यायिक र शीघ्र सुनुवाइको अधिकार,
- कानून व्यवसायी राख्न पाउने अधिकार,
- उत्पत्तिको राष्ट्र वा त्यसको कन्सुलर कार्यालयमा सम्पर्क गर्ने र सहायता माग्न पाउने अधिकार,
- निष्पक्ष सुनुवाइको अधिकार,
- आप्रवासी कामदारले खर्च व्यहोर्नु नपर्ने गरी दोभाषे राख्न पाउने अधिकार,



- कारागारमा रहदा मानवोचित व्यवहारको अधिकार,
- कारागारमा रहेको बेला भेटघाट गर्न पाउने अधिकार,
- थुनुवा आप्रवासी कामदारको परिवारका सदस्यहरु खासगरी पति/पत्नी र केटाकेटीलाई विशेष हेरचाहको अधिकार,
- कारागारमा रहेका आप्रवासी कामदारहरूलाई रोजगारीको राष्ट्रको नागरिकसरह समान अधिकार,
- थुनुवा आप्रवासी कामदारलाई कसुर प्रमाणित भएका व्यक्तिहरूदेखि भिन्नै रहन पाउने अधिकार,
- बाल दुराचारी आप्रवासी कामदारहरूलाई वयस्कहरूभन्दा पृथक रहन पाउने अधिकार,
- आप्रवासन कानून उल्लङ्घन गरेका आप्रवासी कामदारलाई कसुर प्रमाणित भएका वा पुर्पक्षको लागि थुनामा रहेका व्यक्तिहरूभन्दा भिन्दै व्यवहार गरिनुपर्ने अधिकार ।

## फौज्दारी अभियोग लागेका आप्रवासी कामदारहरु तथा तिनीहरुका परिवारका सदस्यहरुका अधिकारहरु के के छन् ?

फौज्दारी अभियोग लागेका आप्रवासी कामदारहरु तथा तिनीहरुका परिवारका सदस्यहरुलाई निम्न अधिकारहरु प्रदान गरिएको छः

- अदालत वा अर्धन्यायिक निकायसमक्ष रोजगारीको राष्ट्रको नागरिकसरह समानताको अधिकार,
- कानून बमोजिम कसुरदार प्रमाणित नभएसम्म निर्दोष अनुमान गर्नुपर्ने अधिकार,
- आफू विरूद्ध लगाइएको अभियोगको बारेमा बुझ्ने भाषामा सुसूचित हुन पाउने अधिकार,
- आफ्नो प्रतिरक्षाको लागि पर्याप्त समय सुविधा पाउने अधिकार,
- बेमनासिव ढिलाइबिना मुद्दा सुनुवाइ गरिनुपर्ने अधिकार,
- अभियुक्तको उपस्थितिमा सुनुवाइ गरिनुपर्ने अधिकार,
- आफू स्वयम्ले छानेको कानून व्यवसायीद्वारा प्रतिरक्षा गर्न पाउनुपर्ने अधिकार,
- आफूविरूद्ध साक्षी हुन र कसुर स्वीकार गर्न कर नलाग्ने अधिकार,
- निःशुल्क दोभाषे राख्न पाउने अधिकार,
- तल्लो तहको अदालतबाट दोषी ठहर भएमा पुनरावेदन गर्न पाउने अधिकार,
- न्यायिक त्रुटीको शिकार भएका अवस्थामा उचित क्षतिपूर्तिको अधिकार,
- अभियुक्त आप्रवासी कामदारको परिवारको सदस्य बालबालिका भएमा पुनर्स्थापनाको अधिकार,
- एकपटक अन्तिम तहबाट दोषी भइसकेको वा सफाइ पाइसकेको कुनै कसुरको लागि पुनः मुद्दा चलाइने र सजाय गरिने विरूद्धको अधिकार ।



## करार र श्रम अधिकार सम्बन्धमा आप्रवासी कामदारहरु तथा तिनीहरुका परिवारका सदस्यहरुका खास अधिकारहरु के के हुन् ?

महासन्धिले आप्रवासी कामदारहरु तथा तिनीहरूका परिवारका सदस्यहरूलाई करार र श्रम अधिकारसम्बन्धमा निम्न अधिकारहरु प्रदान गरेको छः



- करारीय दायित्व पूरा गर्न नसकेको कारण थुनामा राख्ने कार्य विरूद्धको अधिकार,
- करारीय दायित्व पूरा गर्न नसकेको कारण बसोबास वा कामको अनुमतिबाट बन्चित गर्ने कार्य विरूद्धको अधिकार,
- परिचय र यात्रा कागजातहरु (राहदानी, भिसा, श्रम अनुमति पत्र, करार आदि) राख्ने, प्राप्त गर्ने र सुरक्षित गर्ने अधिकार,
- अतिरिक्त समयमा गरेको काम, कार्य समय, साप्ताहिक बिदा, तलवी बिदा, सुरक्षा, स्वास्थ्य, रोजगारी सम्बन्धको समाप्ति आदि सर्तहरु लगायत अन्य कुराहरूमा रोजगारीको राष्ट्रको नागरिकभन्दा कम सहुलियत नहुने गरी क्षतिपूर्ति पाउने अधिकार,
- रोजगारीसम्बन्धी कराररले समानताको व्यवहारको अधिकार,
- सामाजिक सुरक्षाको अधिकार,
- आपतकालीन स्वास्थ्य हेरचाहको अधिकार ।

## के आप्रवासी कामदारलाई ट्रेड युनियन गठन गर्ने तथा त्यसमा आवद्ध हुने अधिकार छ ?

आप्रवासी कामदारहरूलाई आफ्नो आर्थिक, सामाजिक, सांस्कृतिक तथा अन्य हित संरक्षण र सम्बर्द्धन गर्नका लागि ट्रेड युनियन र संघ-संस्थाहरूका बैठक र क्रियाकलापहरूमा भाग लिने, आबद्ध हुने र तिनीहरूबाट सहयोग र सहायता प्राप्त गर्ने अधिकार छ ।




यस्तै आप्रवासी कामदारहरूलाई आफूमाथि उल्लेखित हितहरु संरक्षण र सम्बर्द्धन गर्नका लागि रोजगारीको राष्ट्रमा ट्रेड युनियन र संघसंस्था खोल्न पाउने अधिकार प्राप्त छ । तर अभिलेखवद्ध नभएका आप्रवासी कामदारहरूले युनियन र संघसंस्था गठन गर्न पाउँदैनन् ।

## निष्कासन गरिएको अवस्थामा आप्रवासी कामदारहरु र तिनीहरुका परिवारका सदस्यहरुका अधिकारहरु के के हुन् ?

आप्रवासी कामदारहरू र तिनीहरूका परिवारका सदस्यहरूलाई रोजगारीको राष्ट्रबाट निष्कासन गर्दा सक्षम निकायबाट कानूनबमोजिम गरिएको निर्णय अनुसार मात्र गर्नुपर्दछ । निष्कासन गरेको अवस्थामा आप्रवासी कामदारहरु र तिनीहरूका परिवारका सदस्यहरूलाई महासन्धिले निम्न अधिकारहरु प्रदान गरेको छः



- निष्कासनको निर्णय आफूले बुझ्ने भाषामा पाउने अधिकार,
- निष्कासनसम्बन्धी अन्तिम निर्णय गरिनुअघि निष्कासनलाई अस्वीकार गर्ने र त्यसविरूद्ध आफ्नो भनाइ राख्ने अधिकार,
- निष्कासनको निर्णय उल्टिएमा आप्रवासी कामदारहरु तथा तिनीहरूका परिवारका सदस्यहरूले कानूनबमोजिम क्षतिपूर्ति पाउने अधिकार,
- आप्रवासी कामदारहरूको सामूहिक निष्कासन विरूद्धको अधिकार,
- निष्कासित आप्रवासी कामदारहरु र तिनीहरूका परिवारका सदस्यहरूलाई रोजगारीको राष्ट्रबाट उत्पत्तिको राष्ट्रबाहेक अन्य राष्ट्रमा प्रवेश गर्न माग गर्ने अधिकार,
- निष्कासित आप्रवासी कामदारहरु र तिनीहरूका परिवारका सदस्यहरूलाई निष्कासनको खर्च व्यहोर्न बाध्य पार्ने कार्य विरूद्धको अधिकार,
- निष्कासित आप्रवासी कामदारहरु वा तिनीहरूका परिवारका सदस्यहरूले पाउन बाँकी ज्याला र सुविधा प्राप्त गर्न पाउने अधिकार ।

## आप्रवासी कामदारका बालबालिकाका अधिकारहरु के के छन् ?




महासन्धिले आप्रवासी कामदारका बालबालिकाहरूलाई निम्न अधिकारहरु प्रदान गरेको छः

* नाम राख्न पाउने, जन्म दर्ता गर्न पाउने र राष्ट्रियताको अधिकार,
* रोजगारीको राष्ट्रको नागरिकसरह समान अधिकारको आधारमा शिक्षामा पहुँचको अधिकार ।

## आप्रवासी कामदारहरु तथा तिनीहरुका परिवारका सदस्यहरुलाई प्रदत्त अधिकारहरुको प्रयोगमा पालन गर्नुपर्ने दायित्व/सीमाहरु के के हुन् ?

आप्रवासी कामदारहरु वा तिनीहरूका परिवारका सदस्यहरूलाई अधिकारहरु प्रदान गर्नुको अर्थ उनीहरूलाई रोजगारीको राज्यका प्रचलित कानुनहरूबमोजिम उनीहरूले पालन गर्नुपर्ने दायित्वबाट मुक्त गरेको होइन । उनीहरूले रोजगारीको राष्ट्रका राष्ट्रिय कानून तथा त्यस राष्ट्रका नागरिकहरूका सांस्कृतिक पहिचानहरूप्रति सम्मान प्रकट गर्नुपर्दछ ।

## आप्रवासी कामदारहरु तथा तिनीहरुका परिवारका सदस्यहरुका सम्बन्धमा उपयुक्त, समन्यायिक, मानवीय र कानूनी अवस्थाको प्रबर्द्धन गर्न पक्ष राष्ट्रको भूमिका के हुन्छ ?

आप्रवासी कामदारहरु तथा तिनीहरूका परिवारका सदस्यहरुसम्बन्धमा उपयुक्त, समन्यायिक, मानवीय र कानूनी अवस्थाको प्रबर्द्धन गर्न उत्पत्तिको राष्ट्र र रोजगारीको राष्ट्रले एक आपसमा सहयोग गर्नुपर्दछ । आप्रवासी कामदारहरूको श्रमको आवश्यकता र स्रोतहरुमा मात्र ध्यान दिने होइन, आप्रवासी कामदार वा निजको परिवारका सदस्यका सामाजिक, आर्थिक तथा सांस्कृतिक सरोकारहरूमा पनि ध्यान पुऱ्याउनु पर्छ ।



पक्ष राष्ट्रहरूले आप्रवासी कामदारहरूलाई उपयुक्त सेवाहरु उपलब्ध गराउनु पर्दछ । आप्रवासी कामदार वा निजको परिवारका सदस्यहरूलाई सहयोग पुऱ्याउन तिनीहरूले पर्याप्त कन्सुलर कार्यालयहरु र अन्य सेवाहरु स्थापना गर्नुपर्दछ ।

आप्रवासी कामदारहरु वा तिनीहरूका परिवारहरूका सदस्यहरु व्यवस्थितरूपले उत्पत्तिको राष्ट्रमा फर्केर आउन सकुन् भन्ने तर्फ र तिनीहरूको पुनर्स्थापनाको लागि आर्थिक उपाय सिर्जना गर्नेतर्फ पनि दुबै पक्षले सहयोग गर्ने तत्परता देखाउनु पर्दछ ।

## आप्रवासी कामदारको भर्ना सम्बन्धमा कस्तो व्यवस्था रहेको छ ?

आप्रवासी कामदारको भर्ना सम्बन्धमा उत्पत्तिको राष्ट्र तथा रोजगारीको राष्ट्रको सार्वजनिक निकायको अनुमति, स्वीकृति र सुपरिवेक्षणको अधिनमा रही विभिन्न रिक्रुटिङ एजेन्सी तथा रोजगारदाताहरूद्वारा सहमति गरे अनुरूप हुनेछ । तर सार्वजनिक सेवा वा निकायहरूमा आप्रवासी कामदारको नियुक्तिका सम्बन्धमा उत्पत्तिको राष्ट्र र रोजगारीको राष्ट्रका बीच सम्पन्न द्विपक्षीय वा बहुपक्षीय सम्फौताहरु अनुरूप हुनेछ ।

## "सबै आप्रवासी कामदारहरु र तिनीहरुका परिवारका सदस्यहरुको अधिकार संरक्षण समिति (Committee on the Protection of the Rights of All Migrant Workers and Members of Their Families)" भनेको के हो ?

महासन्धिको कार्यान्वयनको पुनरावलोकन गर्नको लागि "सबै आप्रवासी कामदारहरु तथा तिनीहरूका परिवारका सदस्यहरूको अधिकारको संरक्षण समिति" नामको एक समिति गठन गर्ने व्यवस्था गरिएको छ । यस महासन्धि लागू भएको समयमा समितिमा १० जना र ४१ राष्ट्रले महासन्धि अनुमोदन गरेपछि समितिमा १४ जना सदस्य रहनेछन् । समिति महासन्धि कार्यान्वयनको सुपरिवेक्षण गर्ने निकायको रूपमा रहने छ । समितिले राज्य पक्षले पेश गर्ने प्रारम्भिक तथा आवधिक प्रतिवेदनहरूको विश्लेषण गरी निष्कर्ष सुफाव दिने कार्य गर्दछ । समितिको बैठक सामान्यतयाः वार्षिकरूपमा संयुक्त राष्ट्र संघको प्रधान कार्यालय, न्यूयोर्कमा आयोजना गरिनेछ ।



## प्रारम्भिक प्रतिवेदन (Initial Report) र आवधिक प्रतिवेदन (Periodic Report) भनेको के हो ?







महासन्धिको प्रत्येक पक्ष राष्ट्रले समितिसमक्ष महासन्धि अनुमोदन गरेपछि पहिलो वर्षमा प्रारम्भिक प्रतिवेदन र त्यसपछि प्रत्येक पाँच-पाँच वर्षमा आवधिक प्रतिवेदनहरु प्रस्तुत गर्नुपर्ने व्यवस्था गरेको छ । उक्त प्रतिवेदनमा महासन्धिका व्यवस्थाहरुको कार्यान्वयनको लागि अपनाइएका व्यवस्थापकीय, न्यायिक, प्रशासकीय तथा अन्य कार्यहरुसम्बन्धी भए गरेका प्रगतिको विवरण उल्लेख गर्नुपर्दछ । प्रतिवेदन पेश गर्ने प्रक्रिया राष्ट्रियस्तरमा महासन्धि कार्यान्वयन गर्न राष्ट्रलाई उत्तरदायी बनाउने महत्वपूर्ण संयन्त्र हो । महासन्धिले पक्ष राष्ट्रहरुलाई आ-आफ्नो प्रतिवेदनहरु सर्वसाधारणहरुको लागि पनि आफ्नो देशमा सहज उपलब्ध हुने व्यवस्था गर्नुपर्ने दायित्व दिएको छ । प्रतिवेदन पेश गर्नुका मुख्य उद्देश्यहरु निम्नानुसार रहेका छन्:

- राष्ट्रिय कानून, प्रशासकीय नियमहरु र कार्यविधिहरु तथा व्यवहारहरुको विस्तृत पुनरावलोकन गर्न,
- प्रतिवेदन पेश गर्दा पक्ष राष्ट्रले महासन्धिको प्रत्येक प्रावधान कसरी कार्यान्वयन गरिरहेको छ हेर्न,
- राष्ट्र पक्षलाई महासन्धिले तोकेका दायित्वहरुको आधारमा नीति, योजना र कार्यक्रमहरु बनाउन वा भइरहेको नीति, योजना र कार्यक्रम पुनरावलोकन गर्न,
- समितिलाई राष्ट्र पक्षले आफ्नो देशमा महासन्धि अन्तर्गत दायित्व कसरी निर्वाह गरिरहेको छ भन्ने जानकारी दिन,
- राष्ट्र पक्षलाई महासन्धिको कार्यान्वयन गर्दा देखिएका समस्याहरु र बाधा अवरोधहरु अवगत गराउन ।

## के समितिसमक्ष छायाँ प्रतिवेदन (Shadow Report) पेश गर्न सकिन्छ ?

सम्बन्धित राष्ट्रको नागरिक समाजले राष्ट्र पक्षले पेश गरेको प्रतिवेदनमाथि छायाँ प्रतिवेदन प्रस्तुत गर्न सक्दछ । छायाँ प्रतिवेदन भन्नाले महासन्धिअन्तर्गत पक्ष राष्ट्रले पेश गर्ने प्रारम्भिक वा आवधिक प्रतिवेदनहरु माथिको वैकल्पिक प्रतिवेदन हो । यो प्रतिवेदन महासन्धिको कार्यान्वयन सम्बन्धमा आलोचनात्मक टिप्पणीसहित नागरिक समाजले तयार गर्ने एक महत्वपूर्ण दस्तावेज हो । यसको माध्यमबाट नागरिक समाजले महासन्धिको वास्तविक कार्यान्वयन स्थिति समितिलाई जानकारी गराउने, महासन्धिमार्फत् प्राप्त अधिकारहरु संरक्षण गर्ने तथा समितिमार्फत् राष्ट्र पक्षलाई आवश्यक निर्देशनहरु दिने उपयुक्त माध्यम हो ।

## कुनै पक्ष राष्ट्रले दायित्व पालन नगरेमा अर्को पक्ष राष्ट्रलाई कस्तो अधिकार छ ?

महासन्धिको कुनै पनि पक्ष राष्ट्रले महासन्धि अन्तर्गत पालना गर्नुपर्ने दायित्वहरू पूरा गरेको छैन भने सो सम्बन्धमा अर्को पक्ष राष्ट्रले समितिमा उजुरी गर्न सक्ने व्यवस्था गरेको छ । तर उजुरीसम्बन्धी कार्यविधिको अधिकार क्षेत्र स्वीकार गर्ने जानकारी पठाएका पक्ष राष्ट्रहरूलाई मात्र समितिमा उजुरी गर्ने अधिकार हुन्छ । कुनै पनि पक्ष राष्ट्रविरूद्ध अर्को पक्ष राष्ट्रले उजुरी गर्ने प्रक्रिया यस प्रकार को छ :

**कुनै पनि पक्ष राष्ट्रले महासन्धि अन्तर्गतका दायित्वहरू पालना नगरेमा**

अर्को पक्ष राष्ट्रले पालना नगर्ने पक्ष राष्ट्रलाई लिखित जानकारी दिने

अर्को पक्ष राष्ट्रले सोसम्बन्धी जानकारी समितिलाई समेत दिने

जानकारी प्राप्त गर्ने राष्ट्रले ३ महिनाभित्र जानकारी पठाउने राष्ट्रलाई स्पष्टीकरण वा लिखित जानकारी दिई स्पष्ट पार्ने

प्रारम्भिक जानकारी प्राप्त गरेको ६ महिनासम्म पक्ष राष्ट्रहरुबीच विवाद समाधान वा आपसी सहमति नभए उक्त विषय कुनै एक राष्ट्रले समितिमा पठाउन सक्ने र सोको जानकारी अर्को राष्ट्रलाई समेत दिनुपर्ने ।

समितिले विवादको सौहार्दपूर्ण समाधानका लागि सम्बन्धित पक्ष राष्ट्रहरुमा आफ्नो सद्भावना अधिकृतहरु पठाउने ।

सद्भावना अधिकृतबाट पनि कुनै समाधान नभएमा पक्ष राष्ट्रहरुबीच विवादमा रहेको सान्दर्भिक तथ्यहरु उल्लेख गरी प्रतिवेदन तयार पार्ने तथा उक्त प्रतिवेदन सम्बन्धित पक्ष राष्ट्रहरुलाई पठाउने ।

## व्यक्तिगत उजुरी सम्बन्धमा कस्तो व्यवस्था रहेको छ ?

महासन्धिको कुनै पनि पक्ष राष्ट्रले व्यक्तिगत उजुरी कार्यविधि स्वीकार गरेको भएमा त्यस्तो राष्ट्रको क्षेत्राधिकारभित्र रहेका आप्रवासी व्यक्तिहरूले समितिमा उक्त पक्ष राष्ट्र विरूद्ध उजुरी दिन सक्नेछन् । व्यक्तिगत उजुरीसम्बन्धी कार्यविधि यस प्रकार छ :

**महासन्धिद्वारा प्रदान गरिएको अधिकार उल्लंघन भएमा**

**अधिकार उल्लंघनबाट पीडित व्यक्तिहरु वा उनीहरुको तर्फबाट समितिमा उजुरी गर्न सक्ने**

**समितिमा उजुरी प्राप्त भएपछि सम्बन्धित पक्ष राष्ट्रलाई महासन्धिका प्रावधानहरु उल्लंघन गरेको आरोपसम्बन्धी जानकारी पठाउने**

**सम्बन्धित पक्ष राज्यले ६ महिनाभित्र समितिसमक्ष लिखित स्पष्टीकरण वा बयान दिई कुनै उपचारको व्यवस्था गरिएको भएमा सोको जानकारीसमेत गराउनु पर्ने**

**समितिले व्यक्तिबाट र सम्बन्धित पक्ष राष्ट्रबाट प्राप्त भएका सबै जानकारीहरुलाई विचार विमर्श गरी आफ्नो धारणा सम्बन्धित व्यक्ति तथा राष्ट्रलाई पठाउने**

## महासन्धिको संशोधन गर्ने सम्बन्धमा कस्तो व्यवस्था छ ?

महासन्धिको संशोधन प्रक्रिया सम्बन्धमा महासन्धिमा नै व्यवस्था गरिएको छ, जुन यसको महत्त्वपूर्ण र सकारात्मक पक्ष हो । महासन्धिभित्र नै संशोधन प्रक्रियाको व्यवस्था गर्नु तुलनात्मकरूपमा नयाँ अवधारणा हो । यसले महासन्धिलाई समयानुकूल संशोधन गर्न सहज पार्दछ । महासन्धिमा व्यवस्था गरेको संशोधन प्रक्रिया यसप्रकार छ :

महासन्धि लागू भएको पाँच वर्षपछि कुनै पक्ष राष्ट्रले महासन्धिको पुनरावलोकन गर्न संयुक्त राष्ट्र संघीय महासचिवसमक्ष लिखित सूचना दिन सक्ने ।

महासचिवद्वारा पक्ष राष्ट्रहरूलाई कुनै प्रस्तावित संशोधन भए सोसमेत समावेश गरी महासन्धि पुनरावलोकन गर्न पक्ष राष्ट्रहरूको सम्मेलन गर्ने वा नगर्ने सम्बन्धमा सूचना संचार ।

सूचना पठाएको चार महिनाभित्र कम्तीमा एक तिहाइ पक्ष राष्ट्रहरुले सम्मेलनको पक्षमा सूचना पठाएमा महासचिवद्वारा सम्मेलनको आयोजना ।

सम्मेलनमा उपस्थित भई मतदान गर्ने पक्ष राष्ट्रहरूको बहुमतद्वारा कुनै पनि संशोधन प्रस्ताव पारित ।

पारित प्रस्तावलाई स्वीकृतिको लागि संयुक्त राष्ट्र संघीय महासभा समक्ष प्रस्तुत ।

संयुक्त राष्ट्र संघीय महासभाको दुई तिहाइ बहुमतद्वारा संशोधन स्वीकृत ।

पक्ष राष्ट्रहरुद्वारा आ-आफ्नो संवैधानिक प्रक्रिया अनुसार संशोधन स्वीकार ।

**बाध्यात्मक हुने**

संशोधन लागू भएपछि त्यसलाई स्वीकार गर्ने पक्ष राष्ट्रहरुलाई संशोधन बाध्यकारी हुन्छ ।

**बाध्यात्मक नहुने**

संशोधन लागू भएपछि त्यसलाई स्वीकार नगर्ने पक्ष राष्ट्रहरुलाई संशोधन पूर्वका प्रावधानहरु नै लागू हुन्छ ।

उत्पत्तिको राष्ट्रको साथै
रोजगारीको राष्ट्रमा समेत
आप्रवासी कामदारहरुका
मानव अधिकारहरुको
प्रत्याभूत गरौं ।